سمندری گنبد

# समुन्द्री गुम्बज

(Nepali)




शेखे तरिक़त अमीरे अहले सुन्नत दा'वते इस्लामीका संस्थापक

हज़रत अल्लामा मौलाना अबु बिलाल

## मुह़म्मद इल्यास

अत्तार क़ादिरी रज़वी دامت برکاتہم العالیہ

سمندری گنبد

Samundari Gumbad

# समुन्द्री गुम्बज

यो वर्णन दावते इस्लामीका संस्थापक, अमीरे अहले सुन्नत, ह़ज़रत मौलाना मुहम्मद इल्यास अत्तार क़ादिरी रजवी जियाई دَامَتْ بَرَكَاتُهُمُ الْعَالِيَه द्वारा गरीएको हो, जसलाई मक्तबतुल मदीनाले प्रकाशन गरेको छ । अनुवाद विभाग, दावते इस्लामीले यस प्रवचनलाई नेपाली भाषामा अनुवाद गरी तपाईँको सामु प्रस्तुत गरेको छ । यस पुस्तकलाई त्रुटि रहित बनाउनका लागि धेरै प्रयास गरिएको भएतापनि यदि यसमा केही कमिकमजोरी भेट्नु भएमा अनुवाद विभाग, दावते इस्लामीलाई लिखित जानकारी दिई सवाब [पुण्य] प्राप्त गर्नुहोस् ।

**अनुवाद विभाग, दावते इस्लामी**

प्रमुख मदनी मरकज, फैजाने मदीना, महल्ला सौदाग्रान

पुरानी सब्जी मण्डी, बाबुल मदीना, कराँची, पाकिस्तान

**UAN:** ☎ +92-21-111-25-26-92 – Ext. 7213

**Email:** 🖃 translation@dawateislami.net

اَلْحَمْدُ لِلّٰهِ رَبِّ الْعٰلَمِيْنَ وَ الصَّلٰوةُ وَالسَّلَامُ عَلٰی سَيِّدِ الْمُرْسَلِيْنَ
اَمَّا بَعْدُ فَاَعُوْذُ بِاللّٰهِ مِنَ الشَّيْطٰنِ الرَّجِيْمِ ؕ بِسْمِ اللّٰهِ الرَّحْمٰنِ الرَّحِيْمِ ؕ

## किताब पढ्नुभन्दा पहिला पढीने दुआ़ (प्रार्थना)

इस्लामी पुस्तक वा पाठ पढ्नु भन्दा पहिला निम्न दुआ़ पढ्नुहोस् जे पढ्नुहुनेछ اِنْ شَآءَاللّٰه عَزَّوَجَلَّ[1] याद हुनेछः

اَللّٰهُمَّ افْتَحْ عَلَيْنَا حِكْمَتَكَ وَانْشُرْ
عَلَيْنَا رَحْمَتَكَ يَا ذَا الْجَلَالِ وَالْاِكْرَام

अनुवादः

हे अल्लाह عَزَّوَجَلَّ[2] हामी माथी ज्ञान तथा बुद्धिमताको ढोका खोली देऊ र हामी माथी आफ्नो रह़मत (कृपा) अवतरण गर। हे गौरबपुर्ण एवम् प्रतिष्ठावान।

**नोटः** उक्त दुआ़ पढ्नु भन्दा पहिला एवं पढी सके पछी एक एक पटक दुरुद शरीफ पढ्नुहोस् ।

[1] अरबी वाक्यांस जसको अर्थ हुन्छः "यदि अल्लाह عَزَّوَجَلَّ ले चाहेमा ।"

[2] अल्लाहको नामको साथ लगाइने अरबी शब्द अर्थात "सम्मानित एवं सर्वश्रेष्ठ"



www.dawateislami.net

## विषय सूची

किताब पढ्नुभन्दा पहिला पढीने दुआ़ (प्रार्थना) ............................ii
समुन्द्री गुम्बज......................................................................1
उच्च स्वरमा दुरूद शरीफ पढ्ने व्यक्तिको गुनाह माफ ................1
घाईते औला ..........................................................................5
प्रत्येक दिन जन्नतको ढोका चुम्नुहोस् !.....................................6
आमा सामु उच्च स्वर बोलेको पश्चातापमा दुई दासहरू स्वतन्त्र...7
बारम्बार स्विकृत ह़जको सवाब प्राप्त गर्नुहोस्..............................8
जन्नतको साथी.......................................................................9
आमाबुवाको अवज्ञाकारीहरूलाई सांसारिक जीवनमा नै सजाय दिइन्छ.........................................................................11
आमाले बोलाउनुहुँदा जवाफ नदिने वाला लाटा भइहाल्यो............12
आमाबुवाहरूले पनि श्राप दिनबाट बच्नु नै उचित हुन्छ.............12
आमाबुवाले विदेशबाट फर्कने आदेश दिनुभएमा आउनै पर्छ.........13
दुध पिउने उमेरको शिशु बोल्यो !............................................14
आमालाई काँधमा बोकेर तातो ढुंगाहरू माथि ६ माइल... ............16
यदि महिलाको सट्टा पुरुषले बच्चा जन्माउन पर्ने भए. . !..........17
श्रीमति सहानुभूतिको हकदार हुन्छिन्.......................................19
स्तनपानको अन्तराल सम्बन्धी महत्वपुर्ण जानकारी ..................19
अत्याचारी आमाबुवाको पनि आज्ञापालना अनिवार्य छ................21



www.dawateislami.net

बाल्यकालमा आमाले पनि त छोराछोरीको मल-मुत्र व्यहोर्नुहुन्छ ....22
गधा रूपी मृतक....................................................................24
आमाबुवाको अवज्ञाकारीहरुको कुनै असल कर्म स्विकृत हुँदैन......25
आमाबुवालाई गाली खुवाउनेहरु..................................................26
आगोको हाँगाहरूबाट झुन्डनेहरु ................................................28
वर्षाको थोपाहरू जती ज्वाला.....................................................29
चिहानले करङ भाँचीदिन्छ..........................................................29
जन्नतमा जान पाउने छैनन् ......................................................29
आमाबुवा एक-आपसमा लड्नुभयो भने सन्तानले के गर्नुपर्छ ?...30
आमाबुवाले दाढी खौरने आदेश दिनुभएमा नमान्नुहोला !............31
यदी आमाबुवा सन्तानसँग अप्रशन्नता कै अवस्थामा बित्नुभएमा
के गर्ने? .............................................................................32
आमाबुवाको ऋृण तिर्नुहोस्.........................................................33
शुक्रबारको दिन आमाबुवाको क़ब्र [चिहान] को दर्शन .................34
मदनी च्यानलले ल्याउनेछ घरघरमा सुन्नतको बहार.................34
आमाको श्रापका कारण खुट्टा काटियो......................................36
खुट्टा समातेर आमाबुवासँग माफी माग्नुहोस्............................38
हिँडाईको सुन्नत तथा शिष्टाचारहरू ..........................................39



www.dawateislami.net

اَلْحَمْدُ لِلّٰهِ رَبِّ الْعٰلَمِيْنَ وَ الصَّلٰوةُ وَالسَّلَامُ عَلٰى سَيِّدِ الْمُرْسَلِيْنَ
اَمَّا بَعْدُ فَاَعُوْذُ بِاللّٰهِ مِنَ الشَّيْطٰنِ الرَّجِيْمِ ؕ بِسْمِ اللّٰهِ الرَّحْمٰنِ الرَّحِيْمِ ؕ

# समुन्द्री गुम्बज*

शैतानले तपाईंलाई यो पुस्तिका पढ्नबाट रोक्न र तपाईंलाई अल्छी अनुभव गराउन भरपुर प्रयास गरेतापनि यो पुस्तिका सुरुदेखी अन्तसम्म पढ्नुहोस्, اِنْ شَآءَاللّٰه तपाईंले आफ्नो मनमा अल्लाह عَزَّوَجَلَّ को डरको आभास गरी सुमार्ग तर्फ लम्कनुहुनेछ ।

## उच्च स्वरमा दुरूद शरीफ पढ्ने व्यक्तिको गुनाह माफ

एक बुजुर्ग [महान व्यक्ति] ले सपनामा एक दिवंगत मानिसलाई देखेर सोध्नुभयो: مَا فَعَلَ اللهُ بِكَ अर्थातः अल्लाह عَزَّوَجَلَّ ले तपाईंलाई कस्तो प्रतिफल प्रदान गर्नुभयो? त्यो व्यक्तिले भन्नुभयो: अल्लाह عَزَّوَجَلَّ ले मेरो गुनाह माफ़ गरीदिनुभयो । त्यो बुजुर्गले सोध्नुभयो: केको कारणले? त्यो व्यक्तिले भन्नुभयो: म एक मुहद्दीस [हदीस़ शरीफको ज्ञाता] ज्यु कहाँ हदीस़ शरीफ लेख्ने

* यो वर्णन अमीरे अहले सुन्नत, दावते इस्लामीका संस्थापक हजरत मौलाना मुहम्मद इल्यास अत्तार क़ादिरी دَامَتْ بَرَكَاتُهُمُ الْعَالِيَه द्वारा दावते इस्लामीको साप्ताहिक इज्तिमा ***(१८ रजब, १४३१ हिज्री)*** मा गरिएको हो । आवश्यक थपघटका साथ एउटा पुस्तिकाको रूपमा तपाईंको सामु प्रस्तुत गरिएको छ । - मक्तबतुल् मदीना



www.dawateislami.net

गर्थे, उहाँले अल्लाह عَزَّوَجَلَّ को प्रिय रसूल मुहम्मद صَلَّى اللهُ عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم[1] माथी दुरूद शरीफ पढ्नुभयो, मैले पनि उच्च स्वरले दुरूद शरीफ पढें, त्यहाँ उपस्थित मानिसहरुले सुने र उनीहरुले पनि दुरूद शरीफ पढे । अल्लाह عَزَّوَجَلَّ [प्रशन्न भई] यस कर्मको बरकतले [शुभ प्रतिफलमा] हामी सबैको गुनाह [पाप] माफ़ गरीदिनुभयो। *(अल्क़ौलुल्बदी', पृ २५४)*

صَلُّوْا عَلَى الْحَبِيْب     صَلَّى اللّٰهُ عَلٰى مُحَمَّد

अल्लाह عَزَّوَجَلَّ ले हज़रत सुलेमान [Solomon] عَلٰى نَبِيِّنَا وَعَلَيْهِ الصَّلٰوةُ وَالسَّلَام लाई *वही* [संदेश] प्रदान गर्नुभयो कि समुन्द्रको किनारमा जानुहोस् र मेरो कुदरत [अदभुत शक्ती] को अवलोकन गर्नुहोस् । उहाँ عَلٰى نَبِيِّنَا وَعَلَيْهِ الصَّلٰوةُ وَالسَّلَام आफ्नो साथीहरुका साथ त्यहाँ जानुभयो तर केही त्यस्तो चिज देख्नुभएन । उहाँले एउटा जिन्न[2]लाई समुन्द्रमा गोता लगाएर भित्रको खबर ल्याउने आदेश दिनु भयो । त्यो जिन्न समुन्द्रमा गोता लगाएर फर्कियो र भन्यो: म न त समुन्द्रको पींध सम्म पुग्न सके न त कुनै [अनौठो] चीज नै देखे । हज़रत सुलेमान عَلٰى نَبِيِّنَا وَعَلَيْهِ الصَّلٰوةُ وَالسَّلَام ले त्यो भन्दा

---

[1] यो अर्बी वाक्यांसको अर्थ "महान अल्लाहले उहाँ माथी दुरुद (शान्ति) तथा सलाम अवतरण गरून्" हो । जब जब हाम्रो प्यारो नबीको नाम पढिन्छ वा सुनिन्छ यो अर्बी वाक्यांस पढ्ने गरिन्छ ।

[2] मनुष्य झैं जीवित प्राणी जसको सृष्टि अल्लाह عَزَّوَجَلَّ ले आगोबाट गर्नुभएको छ

शक्तिशाली जिन्नलाई आदेश दिनु भयो, यो जिन्न चाँही पहिलाको जिन्न भन्दा दोब्बर गहिराई सम्म पुग्यो तर यो जिन्नले पनि केहि खबर लिएर आउन सकेन । ह़ज़रत सुलेमान عَلٰی نَبِیِّنَا وَعَلَیْهِ الصَّلٰوۃُ وَالسَّلَام ले आफ्नो मन्त्री हज़रत आसिफ़ बिन बर्ख़िया رَحْمَةُ اللهِ عَلَيْه लाई आदेश दिनुभयो, उहाँले केहि समयमा नै एउटा विशाल सुगन्धित चार ढोका युक्त सेतो समुन्द्री गुम्बज़ ल्याई ह़ज़रत सुलैमान عَلٰی نَبِیِّنَا وَعَلَیْهِ الصَّلٰوۃُ وَالسَّلَام को सामु राखीदिनुभयो । त्यो गुम्बज़को एउटा ढोका मोतिको, दोस्रो ढोका याकुत [माणिक्य] को, तेस्रो ढोका हिराको र चौथो ढोका जमर्रुद [पन्ना] को थियो । चार ओटै ढोका खुल्ला भएतापनि समुन्द्रको पानीको एक थोपा पनि भित्र पसेको थिएन । त्यो समुन्द्री गुम्बज़ भित्र स्वच्छ वस्त्र धारी एक अति सुन्दर युवक नमाज़ पढ्दै हुनुहुन्थ्यो, जब उहाँले नमाज़ पढेर भ्याउनुभयो, ह़ज़रत सुलैमान عَلٰی نَبِیِّنَا وَعَلَیْهِ الصَّلٰوۃُ وَالسَّلَام ले सलाम गर्नुभयो र उहाँलाई त्यो समुन्द्री गुम्बज़को रहस्य सोध्नुभयो । उहाँले भन्नुभयो: हे अल्लाहको नबि ! मेरो बुवा अपाङ्‌ग र आमा अन्धी हुनुहुन्थ्यो, اَلْحَمْدُ لِلّٰه عَزَّوَجَلَّ मैले ७० (सत्तरी) वर्ष सम्म उनीहरुको सेवा गरें, मेरो आमाले आफ्नो निधनपुर्व दुआ़ [प्रार्थना] गर्नु भयो कि: हे अल्लाह عَزَّوَجَلَّ ! मेरो छोरालाई सफलता तथा सुस्वास्थ्य युक्त दिर्घायू प्रदान गर । प्यारो बुवाले आफ्नो अन्तिम समयमा दुआ़ गर्नुभयो: हे अल्लाह عَزَّوَجَلَّ

! मेरो छोरालाई यस्तो ठाउँमा इबादत [भक्ति, उपासना] गर्न लगाईदेऊ जहाँ शैतानले विचलित पार्न नसकोस् । बुवाको अन्तिम संस्कार पश्चात जब म समुन्द्रको किनारमा आए, मैले यो समुन्द्री गुम्बज़ देखें । मैले यसमा प्रवेश गरें । यत्तिकैमा एउटा फरिश्ता आउनुभयो र यो गुम्बज़लाई समुन्द्रको पींधमा उतारी दिनुभयो । ह़ज़रत सुलैमान عَلٰی نَبِیِّنَا وَ عَلَیْهِ الصَّلٰوۃُ وَالسَّلَام ले थप सोधपुछ गर्नुहुँदा ती युवकले भन्नुभयो कि, म ह़ज़रत इब्राहीम عَلٰی نَبِیِّنَا وَ عَلَیْهِ الصَّلٰوۃُ وَالسَّلَام को पवित्र युगमा यहाँ आएको हुँ । ह़ज़रत सुलैमान عَلٰی نَبِیِّنَا وَ عَلَیْهِ الصَّلٰوۃُ وَالسَّلَام ले बुझ्नु भयो कि उहाँ यो समुन्द्री गुम्बज़मा बसिरहनुभएको २००० (दुई हजार वर्ष) भइसक्यो तर अहिले सम्म उहाँ जवान नै हुनुहुन्छ, उहाँको एउटा पनि कपाल फुलेको छैन । खानेकुराको बारेमा उहाँले भन्नुभयो: प्रत्येक दिन एउटा हरियो चराले आफ्नो ठुँड्मा केहि पहेलो कुरा लिएर आउँछ । म त्यसलाई खान्छु । त्यस खानेकुरामा सबै सांसारिक खानेकुराहरूको स्वाद आउँछ । त्यसबाट मेरो भोक, तिर्खा सबै हराउँछ । यति मात्र नभई اَلْحَمْدُ لِلّٰه عَزَّوَجَلَّ गर्मि, जाडो, निद्रा, अल्छिपन, उँघाई, एक्लोपना (व्यग्रता) तथा डर [जस्ता] सबै कुराहरु म देखि टाँढा रहन्छन् । त्यसपछि ती नौजवानको इच्छा अनुसार ह़ज़रत सुलैमान عَلٰی نَبِیِّنَا وَ عَلَیْهِ الصَّلٰوۃُ وَالسَّلَام को आदेश पाएर ह़ज़रत आसिफ बिन बर्खिया رَحْمَةُ اللهِ عَلَيْه ले त्यो समुन्द्री गुम्बज़

उठाएर समुन्द्रको पींधमा पुऱ्याईदिनुभयो । हज़रत सुलैमान عَلٰی نَبِیِّنَا وَ عَلَیۡہِ الصَّلٰوۃُ وَالسَّلَام ले भन्नुभयो : हे मानिसहरु ! अल्लाह عَزَّوَجَلَّ ले तपाईँहरु माथि दया गरुन् । तपाईँहरुले देख्नुभयो कि आमाबुवाको प्रार्थना कस्तो प्रकारले स्विकृत हुने गर्दछ ! आमाबुवाको अवज्ञाबाट बच्नुहोस् ! *(रौज़ुर्रयाहीन्, पृ २३३, दारुल्कुतुब अलइल्मिया बैरूत)*

अल्लाह عَزَّوَجَلَّ को उहाँ माथि रह़मत होस् र उहाँको माध्यमबाट हाम्रो गुनाहहरु माफ़ होस् ।

صَلُّوۡا عَلَی الۡحَبِیۡب     صَلَّی اللّٰہُ عَلٰی مُحَمَّد

मेरा प्यारा इस्लामी दाजुभाईहरु ! प्रष्ट भयो की आमाबुवाको सेवा गर्न पाउनु एकदमै ठुलो सौभाग्यको कुरा हो । यदी उहाँहरु खुसि भएर दुआ़ [आशिर्वाद] दिनु भयो भने हामी अवश्य सफल हुनेछौं । यही सम्बन्धमा एउटा अर्को उपदेशमुलक वृत्तान्त सुन्नुहोस् :

## घाईते औंला

ह़ज़रत बायजीद बिस्तामी رَحۡمَۃُ اللّٰہِ عَلَیۡہِ भन्नु हुन्छ कि जाडो मौसमको एउटा एकदमै चिसो रातमा मेरी आमाले मलाई पानी लिएर आउ भन्नु भयो, म गिलास भरि पानी लिएर आएँ तर त्यति बेला सम्म आमा निदाइसक्नु भएको थियो, मलाई

आमालाई उठाउन उचित लागेन, आमा उठ्नुभएपछी पानी दिन्छु भनेर गिलास हातमा लिएर उभिराखे । उभिराख्दा धेरै समय बितिसकेको थियो अनि गिलासबाट केहि पानी बगेर मेरो औंलामा जमेर बरफ बनिसकेको थियो, आमा उठ्नुभयो अनि मैले प्यारी आमालाई पानिको गिलास दिए । बरफको कारण टाँसिएको मेरो औला पानीको गिलासबाट छुट्टीनासाथ मेरो छाला उक्कियो र रगत बग्न थाल्यो, आमाले देखेर सोध्नु भयो: [बाबु] यो कसरी भयो? मैले सबै कुरा आमालाई भनिदिएको त उहाँले हात उठाएर दुआ़ गर्नु भयो कि: हे अल्लाह عَزَّوَجَلَّ ! म ऊ [मेरो छोरा]सँग खुशी भए तिमी पनि ऊ [मेरो छोरा]सँग प्रशन्न भइदेऊ । *(नुज़्हतुल् मजालिस, भाग १, पृ २६१, दारुल्कुतुब् अलइल्मिया बैरुत)*

अल्लाह عَزَّوَجَلَّ को उहाँमाथि रह़मत होस् र उहाँको माध्यमबाट हाम्रो गुनाहहरु माफ़ होस् ।

صَلُّوْا عَلَى الْحَبِيْب صَلَّى اللّٰهُ عَلٰى مُحَمَّد

## प्रत्येक दिन जन्नतको ढोका चुम्नुहोस् !

जुन भाग्यशालीको आमाबुवा जिवित हुनुहुन्छ उनीहरुले दिनदिनै कम्तिमा एक पटक अवस्य पनि आफ्नो आमाबुवाको हात तथा चरण चुम्ने गर्नुपर्छ किनकि आमाबुवाको सम्मानको एकदमै



www.dawateislami.net

ठूलो महत्व छ । हाम्रा प्यारा रसूल मुहम्मद صَلَّى الله عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم ले भन्नुहुन्छ: اَلْجَنَّةُ تَحْتَ اَقْدَامِ الْاُمَّهَاتِ अर्थात "जन्नत आमाहरुको चरण मुनि छ ।" *(मुस्नदुश्शिहाब भाग १, पृ १०२, ह़दीष ११९)* तसर्थ उहाँहरु प्रति राम्रो व्यवहार गर्नु जन्नत जाने माध्यम हो । दावते इस्लामीको प्रकाशकिय विभाग मक्तबतुल मदीनाबाट प्रकाशित ३१२ पृष्ठमा आधारित पुस्तक "बहारे शरिअ़त" भाग १६ पृष्ठ ८८ मा उल्लेखित छ कि: आमाको चरण पनि चुम्न सकिन्छ । ह़दीषमा लेखिएको छ: "जसले आफ्नो आमाको चरण चुम्यो, उसले जन्नतको ढोकालाई चुमे सरह भयो ।" *(दुर्रेमुख्तार भाग ९, पृ ६०६, दारुल् मा'रिफा बैरुत)*

## आमा सामु उच्च स्वर बोलेको पश्चातापमा दुई दासहरू स्वतन्त्र

आमाबुवालाई टाँढाबाट आउँदै गर्नुभएको देख्नुहुँदा आदरका साथ उभीनुहोस् । उहाँहरुसँग आँखा जुधाई कुरा नगर्नुहोस् । उहाँहरुले बोलाउनुहुँदा तुरुन्तै "लब्बैक" अर्थात "म यहिँ छु" भन्नुहोस् । मान मर्यादाका साथ सधैं नम्र भई कुरा गर्नुहोस् । उहाँहरुको आवाज़ भन्दा चर्को आवाज़ले कहिल्यै पनि कुरा नगर्नुहोस् । ह़ज़रत अ़ब्दुल्लाह बिन् औन् رَحْمَةُ اللّٰهِ عَلَيْه लाई उहाँको आमाले बोलाउनुभयो । जवाफ दिँदा उहाँको स्वर अलि चर्को भइहाल्यो ।

यसको पश्चातापमा उहाँले दुई जना दासहरूलाई स्वतन्त्र गरिदिनुभयो । *(ह़िल्यतुल् औलिया, भाग ३, पृ ४५, ह़दीष ३१०३)*

## बारम्बार स्विकृत ह़जको सवाब प्राप्त गर्नुहोस्

سُبۡحٰنَ اللّٰـه ! हाम्रा महान धार्मिक व्यक्तिहरू رَحِمَهُمُ اللّٰهُ الْمُبِيۡن आफ्नो आमाबुवाको कस्तो प्रकारको सत्कार गर्नुहुन्थ्यो अनी उहाँहरुको कस्तो महान *मदनी सोँच* थियो । हामीले "दुई दास" स्वतन्त्र कसरी गर्ने होला ! अफ्सोस् ! हाम्रो त यस्तो परिस्थितिमा "दुई ओटा कुखुरा" हैन बरू "दुई ओटा अन्डा" पनि अल्लाह عَزَّوَجَلَّ को प्रशन्न प्राप्तिका लागि दान गर्ने सोँच पनि छैन ! अल्लाह عَزَّوَجَلَّ ले हामीलाई आमाबुवाको महत्व बुझ्ने सामर्थ्य प्रदान गरुन् । आमीन् ।

आउनुहोस् ! बिना कुनै खर्च सित्तैमा सवाबको खजाना प्राप्त गर्नुहोस् । मायाँ ममतापुर्ण दृष्टिका साथ आमाबुवाको दर्शन गर्नुहोस् । मायाँ ममतापुर्ण दृष्टिले आमाबुवाको दर्शन गर्नुको प्रतिफल वर्णन गरी साध्य छैन । हाम्रा प्यारा नबि ह़ज़रत मुह़म्मद صَلَّى اللّٰهُ عَلَيۡهِ وَاٰلِهٖ وَسَلَّم को महान कथन छ कि: जब सन्तानले मायाँले भरिपुर्ण दृष्टिले आमाबुवाको दर्शन गर्दछ, अल्लाह عَزَّوَجَلَّ ले उसको प्रत्येक दर्शनको प्रतिफलमा ह़ज्जे मब्रूर [स्विकृत ह़ज] को सवाब लेखीदिनुहुन्छ । सहाबीहरु رَضِیَ اللّٰهُ عَنۡهُم ले



www.dawateislami.net

सोध्नुभयोः "यदि कसैले दिनभरिमा उहाँहरूको सय पटक दर्शन गरे पनि?" हाम्रा प्यारा नबि ह़ज़रत मुह़म्मद صَلَّى اللهُ عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم ले भन्नुभयो: نَعَمْ، اَللّٰهُ اَكْبَرُ وَ اَطْيَبُ अर्थात "हजुर ! अल्लाह عَزَّوَجَلَّ महानतम् एवं सबै भन्दा पवित्र हुनुहुन्छ।" *(शुअ़बुल् ईमान, भाग ६, पृ १८६, ह़दीष ७८५६)*

निःसन्देह अल्लाह عَزَّوَجَلَّ हरेक कुरामा क़ादिर [सक्षम, शक्तिशाली] हुनुहुन्छ, उहाँले जति चाहनुहुन्छ त्यती प्रदान गर्न सक्नुहुन्छ । कदापि लाचार वा बाध्य हुनुहुँदैन । तसर्थ यदि कसैले आफ्नो आमाबुवा तर्फ दिनदिनै १०० (सय) पटक पनि मायाँको हेराइले दर्शन गर्दछ भने अल्लाह عَزَّوَجَلَّ ले उसलाई १०० स्विकृत ह़जको सवाब प्रदान गर्नुहुन्छ ।

صَلُّوْا عَلَى الْحَبِيْب　　صَلَّى اللهُ عَلٰى مُحَمَّد

## जन्नतको साथी

एक पटक महान नबी ह़ज़रत मुसा [Moses] عَلٰى نَبِيِّنَا وَ عَلَيْهِ الصَّلٰوةُ وَالسَّلَام ले अल्लाह عَزَّوَجَلَّसँग भन्नुभयोः हे अल्लाह عَزَّوَجَلَّ ! मलाई मेरो जन्नतको साथी देखाईदिनुहोस् । अल्लाह عَزَّوَجَلَّ ले भन्नुभयो: फलानो शहरमा जाऊ, त्यहाँको फलानो कसाई तिम्रो जन्नतको साथी हो । तसर्थ ह़ज़रत मुसा عَلٰى نَبِيِّنَا وَ عَلَيْهِ الصَّلٰوةُ وَالسَّلَام त्यहाँ ती कसाई भएका ठाउँमा जानु भयो । (चिनजान नभएपनि

यात्री एवं पाहुना सम्झी) ती कसाईले ह़ज़रत मुसा عَلٰی نَبِیِّنَا وَ عَلَیْہِ الصَّلٰوۃُ وَالسَّلَام लाई खानाको निम्तो दिनुभयो । जब खाना खान दुबैजना बस्नुभयो ती कसाईले एउटा ठूलो टोकरी आफ्नो नजिक राख्नुभई खानाको दुई गाँस त्यो टोकरीमा हाल्नुहुन्थ्यो र एक गाँस चाहिँ आफु खानु हुन्थ्यो । यत्तिकैमा कसैले ढोका ढक्ढकायो । कसाई उठेर बाहिर जानुभयो । ह़ज़रत मुसा عَلٰی نَبِیِّنَا وَ عَلَیْہِ الصَّلٰوۃُ وَالسَّلَام ले टोकरीमा हेर्नुभयो, त्यहाँ भित्र दुई जना बुढा बुढी थिए । ह़ज़रत मुसा عَلٰی نَبِیِّنَا عَلَیْہِ الصَّلٰوۃُ وَالسَّلَام लाई त्यो बुढाबुढीले देख्ने बित्तिकै उहाँहरुको ओँठमा मुस्कान छायो । उहाँहरुले ह़ज़रत मुसा عَلٰی نَبِیِّنَا وَ عَلَیْہِ الصَّلٰوۃُ وَالسَّلَام अल्लाह عَزَّوَجَلَّ को रसूल [सन्देष्ठा] हुनुहुन्छ भनेर गवाही दिनुभयो र तुरुन्तै ती बुढाबुढी बित्नुभयो । कसाई फर्केर आउनुहुँदा आफ्नो आमाबुवालाई मृत अवस्थामा देख्नुभएर कुरा बुझिहाल्नुभयो र ह़ज़रत मुसा عَلٰی نَبِیِّنَا وَ عَلَیْہِ الصَّلٰوۃُ وَالسَّلَام को पावन हात चुम्नुभई भन्नुभयो: तपाईँ मेरो विचारमा अल्लाह عَزَّوَجَلَّ को नबी [सन्देष्टा, अगमवक्ता] ह़ज़रत मुसा عَلٰی نَبِیِّنَا وَ عَلَیْہِ الصَّلٰوۃُ وَالسَّلَام हुनुहुन्छ । ह़ज़रत मुसा عَلٰی نَبِیِّنَا وَ عَلَیْہِ الصَّلٰوۃُ وَالسَّلَام ले भन्नुभयो तिमीले कसरी चिन्यौ? ती कसाईले भन्नुभयो कि: मेरो आमाबुवा दिनदिनै गिड्गिडाउँदै रुँदै दुआ़ गर्नुहुन्थ्यो कि हे अल्लाह عَزَّوَجَلَّ ! हामीलाई ह़ज़रत मुसा عَلٰی نَبِیِّنَا وَ عَلَیْہِ الصَّلٰوۃُ وَالسَّلَام को पावन दर्शनको सुअवसरमा मृत्यु प्रदान गर ! यसरी मेरो आमाबुवा दुबैजना अचानक बित्नु



www.dawateislami.net

भएपछि मलाई अन्दाज़ भयो कि तपाईँ नै ह़ज़रत मुसा عَلٰی نَبِیِّنَا وَ عَلَیْهِ الصَّلٰوۃُ وَالسَّلَام हुनुहुन्छ । कसाईले थप भन्नुभयो कि: मेरो आमाले जब खाना खाइसक्नुहुन्थ्यो, प्रशन्न भएर मेरो लागि दुआ़ [आशिर्वाद] गर्नु हुन्थ्यो कि: हे अल्लाह عَزَّوَجَلَّ ! मेरो छोरालाई जन्नतमा ह़ज़रत मुसा عَلٰی نَبِیِّنَا وَ عَلَیْهِ الصَّلٰوۃُ وَالسَّلَام को साथी बनाऊ । ह़ज़रत मुसा عَلٰی نَبِیِّنَا وَ عَلَیْهِ الصَّلٰوۃُ وَالسَّلَام ले भन्नुभयो: बधाई छ तिमीलाई कि अल्लाह عَزَّوَجَلَّ ले तिमीलाई जन्नतमा मेरो साथी बनाउनुभएको छ । *(नुज़्हतुल्मजालिस, भाग १, पृ २६६, दारुल्कुतुब अल्इ़ल्मिया बैरुत)*

अल्लाह عَزَّوَجَلَّ को उहाँमाथि रह़मत होस् र उहाँको माध्यमबाट हाम्रो पापहरु माफ़ होस् ।

## आमाबुवाको अवज्ञाकारीहरूलाई सांसारिक जीवनमा नै सजाय दिइन्छ

प्यारा इस्लामी दाजुभाईहरु ! देख्नुभयो तपाईँहरुले ? आमाबुवाको दुआ़ [आशिर्वाद] सन्तानको हकमा कसरी स्विकृत हुने गर्दछ । यदि आमाबुवा अप्रशन्न भई बद्दुआ़ (अभीसाप) गरिदिनु भयो भने त्यो पनि स्विकृत हुँदछ । त्यस कारणले आमाबुवालाई सधैँ खुशी बनाइराख्नु पर्दछ । हाम्रा प्यारा नबी ह़ज़रत मुह़म्मद صَلَّى اللهُ عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم को उपदेशमुलक कथन छ कि: आमाबुवा तिम्रो

जहन्नम [नर्क] तथा जन्नत [स्वर्ग] हुनुहुन्छ । *(इब्ने माजा, भाग ४, पृ १८६, ह़दीष ३६६२)* अर्को मौकामा हाम्रा प्यारा नबी ह़ज़रत मुह़म्मद صَلَّى الله عَلَيْهِ وَالِهٖ وَسَلَّم ले भन्नुहुन्छ: सबै गुनाहहरूको सजाय अल्लाह عَزَّوَجَلَّ ले चाहनु भएमा क़यामतको दिनसम्मको लागि स्थगित गर्नुहुन्छ तर आमा बुवाको अवज्ञाको सजाय भने यसै जीवनमा दिनुहुन्छ । *(अल्मुस्तद्रक् लिल्ह़ाकिम, भाग ५, पृ २१६, ह़दीष ७३४५, दारुल् मा'रिफह् बैरुत)*

## आमाले बोलाउनुहुँदा जवाफ नदिने वाला लाटा भइहाल्यो

भनिन्छ : एक जनालाई उसको आमाले बोलाउनुभयो तर उसले जवाफ दिएन । उसको आमा [अप्रशन्न भई] बद्दुआ़ [श्राप] दिनुभयो र त्यो लाटो भइहाल्यो । *(बिर्रुल्वालिदैन लित्ततुर्शी, पृ ७९, मु'सिसतुल्कुतुब् अस्सक़ाफिय्यह् बैरुत)*

## आमाबुवाहरूले पनि श्राप दिनबाट बच्नु नै उचित हुन्छ

प्यारा प्यारा इस्लामी दाजुभाइहरु ! देख्नु भयो तपाईंहरुले ! आमाको पुकारको जवाफ नदिने वाला तुरुन्तै लाटो भयो ! उपरोक्त अनुच्छेदबाट जहाँ आमाबुवा प्रति अवज्ञाकारीहरूको लागि उपदेश छ त्यहीँ आमाबुवाहरूले पनि विचार गर्नुपर्ने कुरा छ कि विशेष गरी ती आमाहरुले जसले स-सानो कुरामा आफ्नो सन्तानलाई तेरो सत्यानाश होस्, सबै बरबाद होस्, तेरो सबै



www.dawateislami.net

बिग्रिओस् , कोढी भई [कुष्ट रोगी भई] इत्यादी भनेर श्राप गर्नु हुन्छ, उहाँहरुले आफ्नो बोलि सम्हाल्न आवश्यक छ । कहिँ यस्तो नहोस् कि दुआ़ स्विकार हुने बेला होस् र साँच्चिकै आफ्नो सन्तानलाई केहि भइहालेमा आमाले पश्चातापका साथ झन उल्टै पीर गर्नु पर्ला । त्यही भएर आफ्नो सन्तानको लागि सँधै राम्रो दुआ़ गर्नु नै उचित हुन्छ ।

## आमाबुवाले विदेशबाट फर्कने आदेश दिनुभएमा आउनै पर्छ

दावते इस्लामीको सुन्नतहरु तर्फ प्रेरित गर्ने **मदनी क़ाफिला**मा रसूल प्रेमी दाजुभाईहरूको साथ यात्रा निश्चय नै सौभाग्यको कुरा हो । देश-विदेश यात्रा गरी त्यहाँ १२ महिना वा २५ महिनाको लागि दावते इस्लामीको मदनी काफिला तथा अरु दीनी कामको प्रगतिको लागि बस्न पाउनु पनि ठूलो सौभाग्यको कुरा हो तर आमाबुवाको मन दुख्छ भने, यसले उहाँहरुलाई ठूलो समस्याको सामना गर्नु पर्ने भए कदापी यात्रा नगर्नुहोला । दावते इस्लामीको दीनी काम संसार भरिमा आम गर्नु आफ्नो प्रशंसा गराउने उदेश्यले होइन बरू अल्लाह عَزَّوَجَلَّ को प्रशन्न प्राप्तिको लागि हो । आमाबुवाको चित्त दुखाएर अल्लाह عَزَّوَجَلَّ को प्रशन्न प्राप्ति कदापि पाउन सकिदैन । यति मात्र नभई अरु शहर वा विदेशमा जागिर वा कारोबारका लागि जानेहरु



www.dawateislami.net

पनि आमाबुवाबाट सहमति पाएर मात्र जानु होला र निम्न मस्अला [शरिअ़तको कानुन] राम्रोसँग याद राखी राखौः दावते इस्लामीको प्रकाशकिय विभाग मक्तबतुल मदीना द्‌वारा प्रकाशित ३१२ पृष्ठको किताब, "बहारे शरिअ़त" भाग १६ पृष्ठ २०२ मा छ कि: "यदि ऊ (अर्थात छोरा) विदेशमा छ, आमाबुवाले बोलाउनु हुन्छ भने आउनै पर्छ, चिठी लेख्नु पर्याप्त हुँदैन । त्यसै गरी आमाबुवालाई यदि उसको सहाराको आवश्यकता छ भने आएर उनीहरुको सेवा गर्नुपर्छ ।"

## दुध पिउने उमेरको शिशु बोल्यो !

आमाबुवाले जब बोलाउनु हुन्छ, बिना कुनै उचित कारण जवाफ दिनुमा ढिलो नगर्नुहोस् । केही मानिस यस्तो कुरामा साह्रै लापरवाही गर्दछन् र ढिलो जवाफ दिनुलाई مَعَاذَاللّٰه कुकर्ममा पनि गन्दैनन् जबकी यदि नफ्ल नमाज़ पढीरहनुभएको छ र अन्जानमा आमाबुवाले सुस्तरी नै बोलाउनुभए पनि नमाज़ तोडेर (नमाज़बाट बाहिर निस्किएर) जवाफ दिनुपर्ने हुन्छ । (बहारे शरिअ़त्, भाग १, पृ ६३८ बाट उद्‌धृत) (पछि फेरी त्यो तोडेको नफ्ल नमाज़ दोहोर्याउन भने वाजिब [अनिवार्य] हुन्छ) । जुन मानिसहरु आमाबुवाले बोलाउनुहुँदा बिना उचिर कारण बेवास्ता गरी उहाँहरुको मन दुखाउँदछन् उनीहरु घोर पापी तथा जहन्नम

[नर्क] को सजायको भागीदार हुन् । आमा त आमा नै हुन्छिन् । यदि अबुझाईका कारण पनि प्रार्थना स्विकार हुने बेला आमाको मुखबाट श्राप निक्लिएमा सन्तानलाई असर पार्न सक्छ । यस सम्बन्धमा "पुस्तक बुखारी शरीफ" मा एक इस्राइली धर्मनिष्ठ व्यक्तिको उपदेशमुलक घटना वर्णन गरिएको छः हाम्रा प्यारा नबि ह़ज़रत मुह़म्मद صَلَّى اللهُ عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم ले भन्नुभयो: इस्राईल कबीलामा एक **जुरैज** नामक व्यक्ति हुनुहुन्थ्यो । उहाँ नमाज़ पढिरहनु भएको थियो । उहाँको आमा आउनुभयो र उहाँलाई बोलाउनुभयो तर उहाँले जवाफ दिनुभएन । [मन मनै] भन्नुभयो: नमाज़ पढुँ की आमालाई जवाफ दिउँ । उहाँको आमा फेरी आउनुभयो (जवाफ नपाएर श्राप दिँदै भन्नुभयो) "हे अल्लाह عَزَّوَجَلَّ ! यसलाई त्यो बेला सम्म मृत्यू नदेऊ जब सम्म यसले कुनै चरित्रहीन स्त्रीको मुख नदेखोस् ।" एक दिन जुरैज इ़बादत गर्ने ठाउँमा हुनुहुन्थ्यो । एक महिलाले भनि: म यसलाई प्रलोभित पारिदिन्छु । तसर्थ ऊ आएर जुरैजसँग कुरा गर्न थालि तर जुरैजले अस्विकार गर्नुभयो । पछि त्यो महिला एउटा गोठालोको नजिक गई र आफुलाई त्यो गोठालोलाई सुम्पि दिई । पछी जब त्यो आइमाईले एउटा बच्चा पाई त्यो बच्चा जुरैजको हो भनेर आरोप लगाई । मानिसहरु जुरैज भएको ठाउँमा आए र जुरैजको इ़बादत गर्ने ठाउँलाई भत्काई दिए र



www.dawateislami.net

जुरैजलाई बाहिर निकालिदिए र अपशब्द प्रयोग गरे । जुरैजले वुजु गरी नमाज़ पढ्नुभयो । त्यसपछी बच्चाको नजिक आएर सोध्नुभयो: बालक ! तिम्रो बुवा को हो? त्यो [दुध पिउने उमेरको] बच्चाले जवाफ दियो: फलानो गोठालो । त्यसपछी मानिसहरुले [आफ्नो हतारमा गरिएको कृयाकलापमा पश्चाताप गर्दै] जुरैजलाई भन्न थाले: हामी तपाईंको इ़बादत गर्ने ठाउँ सुनको बनाइदिन्छौ । जुरैजले भन्नुभयो: भो पहिलाको जस्तै माटोको नै बनाईदेऊ । *(बुखारी शरीफ भाग २, पृ १३९ ह़दीष २४८२; मुस्लिम शरीफ, पृ १३८, ह़दीष २५५)*

अल्लाह عَزَّوَجَلَّ को उहाँ माथि रह़मत होस् र उहाँको माध्यमबाट हाम्रो पापहरु माफ़ होस् ।

صَلُّوْا عَلَى الْحَبِيْب     صَلَّى اللهُ عَلٰى مُحَمَّد

## आमालाई काँधमा बोकेर तातो ढुंगाहरू माथि ६ माइल...

आमाबुवा प्रति सन्तानको जिम्मेवारी तथा उत्तरदायित्व एकदमै धेरै छन् । उहाँहरुको हक पुर्ण रूपमा निभाउन असम्भव छ । तसर्थ एक सहाबी رَضِیَ اللهُ عَنْهُ ले हाम्रो प्यारो नबि ह़ज़रत मुह़म्मद صَلَّى اللهُ عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم को पवित्र दरबारमा प्रश्न राख्नुभयो कि: एउटा बाटोमा यती ताता ढुंगाहरू थिए कि यदि मासुको टुक्रा राखियो भने कबाब बनिहाल्थ्यो ! मैले मेरी

आमालाई काँधमा बोकेर छ माइल सम्म लगेको छु, के मैले आमाको हकलाई पुरा गरेर भ्याएँ? हाम्रो प्यारो नबि ह़ज़रत मुह़म्मद صَلَّى الله عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم ले भन्नु भयो: तिमी जन्मिदा तिम्रो आमाले जुन पिडाहरूको झट्का सहनुभयो शायद ती झट्काहरु मध्ये एक झट्काको बद्ला हुन सक्ला । *(अल्मु'जमुस़्स़ग़ीर लित्तबरानी भाग १, पृ ९२, ह़दीष २५६)*

अल्लाह عَزَّوَجَلَّ को उहाँ माथि रह़मत होस् र उहाँको माध्यमबाट हाम्रो पापहरु माफ़ होस् ।

## यदि महिलाको सट्टा पुरुषले बच्चा जन्माउन पर्ने भए. . !

मेरा प्यारा इस्लामी दाजुभाइहरु ! निश्चय नै आमाले आफ्नो बच्चाको लागि धेरै दुःख सहनुभएको हुन्छ । बच्चा जन्मदा कति पीडा हुन्छ त्यो आमाले नै बुझ्नुहुन्छ । पुरुषहरुलाई कति सजिलो छ कि उनीहरु सुत्केरी हुँदैनन् । आ'ला ह़ज़रत इमाम अह़मद रज़ा ख़ान رَحْمَةُ اللّٰهِ عَلَيْه फतावा रज़विय्या, खण्ड २७, पृष्ठ १०१ मा भन्नु हुन्छ: पुरुषको लागि आनन्द मात्रै छ तर महिलाले भने लामो समय दुखको सामना गर्नुपर्छ । उनीले आफ्नो बच्चा पेटमा नौ महिना राख्छिन् जसले गर्दा हिँड्न, डुल्न, उठ्न, बस्न गाह्रो हुन्छ । झन् बच्चा जन्मिने बेला बेथाको हरेक झट्कामा मृत्यूको सामना गरे झैं हुन्छ । यति मात्र नभई

बच्चा जन्मिसके पछीको सुत्केरी अवस्थामा पनि किसिम किसिमका दुःख पिडाहरुले गर्दा वर्णन गरी साध्य नहुने अवस्था हुन्छ । पवित्र कुर्आनमा अल्लाह عَزَّوَجَلَّ ले भन्नु हुन्छ:

*हिन्दी[1] अनुवाद कन्ज़ुल् ईमानबाटः*

حَمَلَتْهُ اُمُّهٗ كُرْهًا وَّوَضَعَتْهُ كُرْهًا ؕ وَحَمْلُهٗ وَفِصٰلُهٗ ثَلٰثُوْنَ شَهْرًا ؕ

उस की माँ ने उसे पेट मे रखा तक्लीफ से और जनी उसको तक्लीफ से और उसे उठाए फिरना और उसका दुध छुडाना तीस महिने मे है ।

*(पारा २६, सुरह् अल्अह्क़ाफ १५)*

तसर्थ हरेक बच्चाको जन्ममा महिलालाई कम्तिमा तीन वर्षको लागि दुःखले भरिपुर्ण दिनहरू काट्नु पर्नेहुन्छ । **यदि पुरुषको पेटबाट एक पटक पनि मुसाको बच्चा नै जन्मने भए ऊ जीवनमा अर्को पटकको लागि कदापि बच्चा जन्माउन तैयार हुने थिएन होला ।** *(फतावा रज़विय्या, भाग २७, पृ १०१, रज़ा फाउन्डेसन् मर्कज़ुल औलिया लाहोर)*

[1] पवित्र कुर्आनको नेपाली अनुवाद नभइसकेको कारण कुर्आनका आयतहरूको कन्ज़ुल् इमानबाट हिन्दी अनुवाद नै राखिएको छ ।



www.dawateislami.net

## श्रीमति सहानुभूतिको हकदार हुन्छिन्

प्यारा इस्लामी दाजुभाइहरु ! आ'ला ह़ज़रत رَحْمَةُ اللّٰهِ عَلَيْه को फतवाबाट जसरी आमाको महानताको बारेमा स्पष्ट भयो त्यसैगरी श्रीमतिको महत्व पनि थाहा पाइयो । श्रीमानले विशेष गरी आफ्नो श्रीमतिको गर्भवती अवस्थामा एकदम मायाँ तथा दयाभाव गरी हेरविचार पुऱ्याउनुपर्ने हुन्छ । घरेलु कामकाजमा धेरै भन्दा धेरै सहयोग गर्नुपर्छ । धेरै मिहिनेत गर्नुपर्ने काम श्रीमतिलाई गर्न दिनुहुँदैन । गाली गरेर, झर्केर वा अरु केहि गरेर उहाँको चिन्ताको कारण बन्नुहुँदैन । जति सक्दो उहाँलाई आराम पुऱ्याउनु पर्छ । जब पनि आफ्नो बच्चालाई मायाँ गर्नुहुन्छ बच्चाको आमालाई पनि मायाँपुर्ण नजरले हेर्नुहोस् र कल्पना गर्नुहोस् की यो मनै लोभ्याउने खेलौनाको प्राप्तिमा यो बिचरीले कति पीडा सहेकीछिन् ।

## स्तनपानको अन्तराल सम्बन्धी महत्वपुर्ण जानकारी

आ'ला ह़ज़रत رَحْمَةُ اللّٰهِ عَلَيْه को उपरोक्त फतवामा क़ुर्आन शरीफको जुन आयत प्रश्तुत गरिएको छ त्यसमा भनिएको छ "उसका दुध छुडाना तीस महिने मे है ।" यसमा दुधको नाता र



www.dawateislami.net

निकाह ह़राम[1] हुनुको अवधीको वर्णन छ । दावते इस्लामीको मक्तबतुल मदीना प्रकाशनले छापेको ११८२ पृष्ठे पुस्तक "बहारे शरिअ़त" खण्ड २ पृ. ३६ मा छ कि: बच्चालाई हिज़्री पात्रो अनुसार दुई वर्ष सम्म आमाको दुध खुलाउन मिल्छ । दुई वर्ष पश्चात भने बच्चा बाबु होस् वा नानु स्तनपानको अनुमति छैन । मानिसहरूमा एउटा भ्रम फैलिएको छ कि नानीलाई दुई वर्ष र बाबुलाई साढे दुई वर्ष सम्म दुध खुलाउन मिल्छ । यो सत्य होइन ।

यो त भयो स्तनपानको अवधीको अनुमतिको कुरा तर निकाह ह़राम [वर्जित] हुनको लागि भने साढे दुई वर्षको अन्तराललाई हेर्नुपर्ने हुन्छ अर्थात दुई वर्ष पश्चात स्तनपान हराम [वर्जित] भएतापनि कसैले हिज़्री वर्ष अनुसार साढे दुई वर्ष भित्रमा दुध खुलाएको पाइएमा निकाह ह़राम हुने कुरा प्रमाणित हुन्छ । साढे दुई वर्ष पछी पनि दुध खुलाउन ह़राम त हो तर साढे दुई वर्ष पछीको समयमा कसैले दुध खुलाएको पाइएमा निकाह भने ह़राम हुँदैन ।

---

[1] इस्लामी शरीअ़त अनुसार आफ्नो आमा बाहेक अरू महिलाले दुध खुलाउनुभएमा उहाँ पनि आमा बन्नुहुन्छ तथा उहाँको छोरा-छोरी दाजुभाई-दिदिबहिनी बन्नुहुन्छ र त्यस्ता आफुलाई दुध खुलाएका आमाहरूको छोरा-छोरीसँग विवाह ह़राम (वर्जित) हुन्छ ।

## अत्याचारी आमाबुवाको पनि आज्ञापालना अनिवार्य छ

ह़ज़रत अ़ब्दुल्लाह बिन अ़ब्बास رَضِیَ اللّٰہُ عَنۡہُمَا को विवरण छ कि हाम्रो प्यारो नबि ह़ज़रत मुह़म्मद صَلَّی اللّٰہُ عَلَیۡہِ وَاٰلِہٖ وَسَلَّم को उपदेशमुलक कथन छ: "जसले आफ्नो बिहानी आमाबुवाको आज्ञापालना गरी बितायो, उसको लागि बिहान नै जन्नतका दुई ढोकाहरू खुल्दछन् र यदि आमाबुवा मध्ये एक जना मात्र हुनुहुन्छ भने एउटा मात्रै ढोका खुल्दछ । अनी जसले आफ्नो बेलुकी आमाबुवाको बारेमा अल्लाह عَزَّوَجَلَّ को अवज्ञा गरी बितायो, उसको लागि बिहान नै जहन्नमका दुई ढोकाहरू खुल्दछन् र यदि (आमाबुवा मध्ये) एक जना मात्र हुनुहुन्छ भने एउटा ढोका खुल्दछ । एक जना व्यक्तिले सोध्नुभयो: आमाबुवाले ऊ माथि अत्याचार गर्ने भएतापनि? प्यारो नबी ह़ज़रत मुह़म्मद صَلَّی اللّٰہُ عَلَیۡہِ وَاٰلِہٖ وَسَلَّم ले भन्नुभयो: अत्याचार गर्ने भएतापनि, अत्याचार गर्ने भएतापनि, अत्याचार गर्ने भएतापनि ।" *(शुअ़बुल् ईमान भाग ६, पृ २०६, ह़दीष ७९१६ दारुल्कुतुब अलइ़ल्मिया बैरुत)*

प्यारा इस्लामी दाजुभाइहरु ! साँच्चै नै त्यो व्यक्ति एकदमै भाग्यमानी हो जसले आमाबुवालाई खुशी राख्दछ । जो अभागीले आफ्नो आमाबुवालाई दुखी बनाउँछ त्यसको लागि विनाश छ । अल्लाह عَزَّوَجَلَّ ले पारह १५ सुरह बनी इस्राइल आयत २३ देखि २५ मा भन्नुहुन्छ :

وَبِالْوَالِدَيْنِ اِحْسَانًا ؕ اِمَّا يَبْلُغَنَّ عِنْدَكَ الْكِبَرَ اَحَدُهُمَآ اَوْ كِلٰهُمَا فَلَا
تَقُلْ لَّهُمَآ اُفٍّ وَّلَا تَنْهَرْهُمَا وَقُلْ لَّهُمَا قَوْلًا كَرِيْمًا ﴿۲۳﴾ وَاخْفِضْ لَهُمَا
جَنَاحَ الذُّلِّ مِنَ الرَّحْمَةِ وَقُلْ رَّبِّ ارْحَمْهُمَا كَمَا رَبَّيٰنِيْ صَغِيْرًا ﴿۲۴﴾ ؕ
رَبُّكُمْ اَعْلَمُ بِمَا فِيْ نُفُوْسِكُمْ ؕ

*हिन्दी अनुवाद कन्ज़ुल् ईमानबाट :* और माँ बाप के साथ अच्छा सुलूक करो, अगर तेरे सामने उन में से एक या दोनों बुढ़ापेको पहुँच जाए "हूँ" (उफ़्) न कहना और उन्हें न झिड़कना और उन से ता'ज़ीम की बात कहना । और उन के लिये आ़जिज़ीका बाज़ू बिछा और अ़र्ज़ कर कि ऐ मेरे रब ! तू इन दोनों पर रह़म कर जैसा कि इन दोनों ने छुटपन में मुझे पाला । तुम्हारा रब ख़ूब जानता है जो तुम्हारे दिलों में है ।

## बाल्यकालमा आमाले पनि त छोराछोरीको मल-मुत्र व्यहोर्नुहुन्छ

प्यारा इस्लामी दाजुभाइहरु ! पवित्र क़ुर्आनको उपरोक्त आयतहरूमा अल्लाह عَزَّوَجَلَّ ले आमाबुवाको साथ असल व्यवहार गर्ने आदेश दिनुभएको छ र विशेष गरी उहाँहरुको वृद्धावस्थामा झन् बढी सेवा गर्ने निर्देशन दिनुभएको छ । निश्चय नै आमाबुवाको वृद्धावस्थाले मानिसलाई परिक्षणमा हालिदिन्छ

। एकदमै वृद्धावस्थामा कहिले काँहि ओछ्यानमा नै दिसा-पिसाब भइहाल्छ जसको कारणले प्रायः जसो छोराछोरीहरू रुष्ट भइहाल्छन् । तर याद राख्नुहोस् ! यस्तो अवस्थामा पनि आमाबुबाको सेवा अनिवार्य छ । बाल्यकालमा आमाले पनि त आखिर बच्चाको दिसा-पिसाब व्यहोर्नुहुन्थ्यो नि । वृद्धावस्था तथा रोगहरूका कारण आमाबुवा जतिसुकै चिढचिढे [रिसाहा] हुनु भएतापनि, होसै गुमाउनु भएतापनि, धेरै बड-बडाउनु भएतापनि, बिना कुनै कारण झगडा गर्नु भएतापनि, जति सुकै झगडा गरीरहनु भएतापनि, हालत खराब गरी आत्थु-आत्थु बनाइदिनु भएतापनि सहनशील, सहनशील र सहनशील नै रहनुहोला अनी उहाँहरुको सम्मान नै गर्नुहोला । उहाँहरुसँग नराम्रो व्यवहार गर्नु, उहाँहरुसँग झगडा गर्नु त परै जाओस् उहाँहरुको अगाडी "उफ़्" [हूँ] पनि नभन्नुहोला नत्र ठूलो घाटाको सामना हुनसक्छ र यस सांसारीक जीवन तथा आखिरतको जीवन [मरण पश्चातको जीवन] बरबाद हुनसक्छ किन की आमाबुवाको चित्त दुखाउने वाला यो सांसारिक जीवनमा पनि घृणित हुन्छ तथा आखिरतको सजायको पनि भागीदार हुन्छ ।

*दिल दुखाना छोड दें मां बाप का*
*वरना इस में है खसारा आप का*

*(वसाइले बख्शिश, पृ. ३७७)*



www.dawateislami.net

नेपाली अनुवादः

*चित्त दुखाउन छोडी दिनु आमाबुवाको*
*नत्र सर्वस्य हानी छ यसमा तपाईंको*

## गधा रूपी मृतक

ह़ज़रत अ़व्वाम बिन ह़ौशब رَحْمَةُ اللّٰهِ عَلَيْه (जो तब्ए ताबेई़ मध्यका महान व्यक्तित्व हुनुहुन्छ र उहाँको निधन सि. १४८ हिज्रीमा भएको थियो) भन्नुहुन्छ: एक समयको कुरा हो म एउटा बस्ती भई हिँडीरहेको थिएँ, त्यस बस्तीको किनारमा एउटा चिहान स्थल थियो, अस्रको नमाज़ पछि एउटा क़ब्र [चिहान] फाटियो र त्यसबाट एउटा यस्तो मानिस प्रकट भयो जसको टाउको गधाको जस्तो र बाँकी शरीर भने मान्छेको जस्तो थियो, त्यो व्यक्ति ३ (तीन) पटक गधा जसरी करायो, त्यसपछी क़ब्रमा फर्कियो र क़ब्र आफै बन्द भइहाल्यो । एउटी बुढीआमाले धागो काती राख्नु भएको थियो । अर्की एक महिलाले मलाई भनीन्: त्यो बुढीआमालाई देखी राख्नुभएको छ? मैले सोधे: यी बुढीआमा को हुनुहुन्छ र? ती महिलाले भनीन्: उहाँ क़ब्रमा भएको त्यस व्यक्तिको आमा हुनुहुन्छ । त्यो व्यक्ति जड्याहा थियो, जब ऊ बेलुका घर आउँथ्यो, आमाले सम्झाउनु हुन्थ्यो किः छोरा, अल्लाह عَزَّوَجَلَّसँग डराऊ, आखिर कहिले सम्म यो अपवित्र कुरा पीइरहनेछौ ! उसले जवाफ दिन्थ्यो: तँ गधा जसरी ढिचूँ ढिचूँ

गरीराख्छेस् । त्यस व्यक्तिको अस्र पछि निधन भएको थियो। उसको मृत्यू भए देखी प्रत्येक दिन अस्र पछि उसको क़ब्र फाटिन्छ र यसरी नै तीन पटक गधा जसरी कराएर फेरी क़ब्रमा फर्कन्छ र क़ब्र आफै बन्द भइहाल्छ । (अत्तर्ग़ीब वत्तरहीब लिल्मुन्ज़री, भाग २, पृ २२६, हदीष १७, दारुल्कुतुब् अलइल्मिया बैरुत)

## आमाबुवाको अवज्ञाकारीहरुको कुनै असल कर्म स्विकृत हुँदैन

प्यारा प्यारा इस्लामी दाजुभाइहरु ! अल्लाह عَزَّوَجَلَّ को दरबारमा हामी तौबा गरौं र आफ्नो पापहरूबाट क्षमा मागौं । आह् ! आमाबुवाको चित्त दुखाउनु कति ठुलो बेइज्जती र भयानक सजायको कारण हो । पवित्र हदीष शरीफमा छ : 'عَذَابُ الْقَبْرِ حَقٌّ' अर्थात "क़ब्रको सजाय वास्तविक हो ।" (नसाई, पृ २२५, हदीष १३०५) कहिले काँही यसै सांसारिक जीवनमा नै यसको केहि झलक मानिसहरुको उपदेशको निम्ती देखाइन्छ । आफ्नो बुवाको अवज्ञाकारीको बारेमा सोधिएको एक प्रश्नको उत्तरमा आ'ला हज़रत इमाम अहमद रज़ा खान رَحْمَةُ اللّٰهِ عَلَيْه ले भन्नुहुन्छ : बुवाको अवज्ञा अल्लाह عَزَّوَجَلَّ को अवज्ञा हो र बुवाको अप्रशन्नता अल्लाह عَزَّوَجَلَّ को अप्रशन्नता हो । मानिसले आफ्नो आमाबुवालाई प्रशन्न पारे उहाँहरु उसको जन्नत [स्वर्ग] हुनुहुन्छ र यदि अप्रशन्न बनाए उहाँहरु नै उसको जहन्नम [नर्क] हुनुहुन्छ । जब सम्म बुवालाई खुशी बनाउदैन उसको कुनै पनि



www.dawateislami.net

फर्ज़, कुनै पनि नफ्ल लगायत कुनै पनि असल कर्म वास्तविक रुपमा स्विकृत नै हुँदैनन् । आखिरतको सजाय बाहेक यसै सांसारिक जीवनमा जीवितै अवस्थामा घोर समस्या उत्पन्न हुनेछ । मर्ने बेलामा مَعَاذَاللّٰه عَزَّوَجَلَّ पवित्र कलीमा पढ्ने सौभाग्यबाट वन्चित हुने डर छ । *(फतावा रज़विय्या ,खण्ड २४, पृ ३८४ तथा ३८५)* आमाबुवा مَعَاذَاللّٰه عَزَّوَجَلَّ काफिर [इस्लामी आस्था नकार्ने] नै भएतापनि इस्लामी शरिअ़तको सिमा भित्र रहेर उनीहरु प्रति असल व्यवहार गर्नु आवश्यक छ । दावते इस्लामीको प्रकाशकिय विभाग मक्तबतुल मदिनाले छापेको ११८२ पृष्ठमा आधारित पुस्तक, "बहारे शरीअ़त" भाग २ पृष्ठ ४५२ मा ह़ज़रत अ़ल्लामा मौलाना मुफ्ती मुह़म्मद अमजद अ़ली आ'ज़मी رَحْمَةُ اللّٰهِ عَلَيْه ले "पुस्तक- आलमगीरी" को सन्दर्भसाथ लेख्नुहुन्छ कि: "यदि कुनै मुस्लिमको बुवा वा आमा काफिर छन् र उनीहरुले भन्छन् की मलाई मुर्तीपुजा स्थल पुर्याईदेऊ भने पुर्याउन मिल्दैन तर यदि उनीहरू त्यहाँबाट फर्कन चाहन्छन् भने ल्याउन चाँहि मिल्छ ।" (फतावा आलमगीरी, भाग २, पृ ३५०, दारुल् फिक्र बैरुत)

## आमाबुवालाई गाली खुवाउनेहरु

जो व्यक्तिहरू अरुको आमालाई गाली गर्ने बानी भएका हुन्छन्, उनीहरु असाध्यै चरित्रहीन व्यक्ति हुन् । दावते इस्लामीको

प्रकाशकिय विभाग मक्तबतुल मदिनाले छापेको ३१२ पृष्ठमा आधारित पुस्तक, "बहारे शरिअत" भाग १६ पृष्ठ १९५ मा ह़ज़रत अ़ल्लामा मौलाना मुफ्ती मुह़म्मद अमजद अ़ली आ'ज़मी رحمة الله عليه ले लेख्नुहुन्छ: प्यारो नबी ह़ज़रत मुह़म्मद صلى الله عليه وآله وسلم को महान कथन छ: "मान्छेले आफ्नो आमाबुवालाई गाली गर्नु कबीरा गुनाह [ठूलो पाप] मध्येको गुनाह हो ।" मानिसहरुले सोधे: हे अल्लाहका रसूल صلى الله عليه وآله وسلم, के कसैले आफ्नै आमाबुवालाई पनि गाली गर्छ र? भन्नुभयो: "गर्छ, कसरी भन्दा यसले अरुको बुवालाई गाली गर्छ, अरुले यसको बुवालाई गाली गर्छ र यसले अरुको आमालाई गाली गर्छ, अरूले यसको आमालाई गाली गर्छ ।" *(मुस्लिम शरीफ, खण्ड ६, पृ ६०, ह़दीस़ १४६)* उक्त हदीषको लेखन पश्चात ह़ज़रत अ़ल्लामा मौलाना मुफ्ती मुह़म्मद अमजद अ़ली आ'ज़मी رحمة الله عليه ले भन्नु हुन्छ: महान सहाबीहरू[1] जसले अ़रबको अज्ञानताले भरिपुर्ण युग देख्नु भएको थियो [तर पनि], उहाँहरुले यो बुझ्नु भएन की आफ्नै आमाबुवालाई कसैले किन पो गाली गर्ला अर्थात (कसैले आमाबुवालाई गाली पनि गर्न सक्छ र) यो कुरा उहाँहरुको कल्पना भन्दा बाहिरको कुरा थियो । प्यारो नबी ह़ज़रत मुह़म्मद

---

[1] ह़ज़रत मुह़म्मद صلى الله عليه وآله وسلم लाई देखी उहाँको अनुसरण गर्ने सौभाग्य प्राप्त महान व्यक्तित्वहरु ।

صَلَّى الله عَلَيۡهِ وَاٰلِهٖ وَسَلَّم ले भन्नुभयो कि यसको तात्पर्य अरुबाट गाली खुवाउनु हो । र आज भने यस्तो सम्म [विकृती युक्त] समय आयो कि कतिपय मानिसहरूले स्वयं आफैले आफ्नै आमाबुवालाई गाली गर्ने गर्छन् र उहाँहरूको सम्मान गर्दैनन् । *(बहारे शरीअ़त)*

## आगोको हाँगाहरूबाट झुन्डनेहरु

ह़ज़रत इमाम अह़मद बिन ह़जर मक्की शाफेई رَحۡمَةُ الله عَلَيۡه ले लेख्नुहुन्छ: प्यारो नबी ह़ज़रत मुह़म्मद صَلَّى الله عَلَيۡهِ وَاٰلِهٖ وَسَلَّم को उपदेशमूलक कथन छ कि: मे'राजको रात[1] मैंले केही मानिसहरुलाई देखें जो आगोका हाँगाहरूबाट झुन्डिइरहेका थिए । मैले सोधे: ए जिब्रईल ! यिनीहरु कस्ता मानिसहरु हुन् ? उहाँले भन्नुभयो: اَلَّذِيۡنَ يَشۡتُمُوۡنَ اٰبَاءَهُمۡ وَاُمَّهَاتِهِمۡ فِي الدُّنۡيَا अर्थात यिनीहरु त्यस्ता मानिसहरु हुन् जसले संसारमा आफ्नो बुवाहरू तथा आमाहरूलाई अपशब्द प्रयोग गर्थे । *(अज़्ज़वाजिर् अनिक़्तिराफिल् कबाइर्, भाग २, पृ १३९, दारुल् मा'रिफा बैरुत)*

---

[1] हाम्रा प्यारा नबी ह़ज़रत मुह़म्मद صَلَّى الله عَلَيۡهِ وَاٰلِهٖ وَسَلَّم को आकाशिय भ्रमणको रात ।

## वर्षाको थोपाहरू जती ज्वाला

लेखिएको छः जसले आफ्नो आमा-बुवालाई गाली गर्यो उसको क़ब्रमा आगोको यती ज्वालाहरू अवतरित हुन्छन् जती (वर्षाको) थोपाहरू आकाशबाट पृथ्वी तर्फ अवतरित हुन्छन् । *(ऐज़न, पृ १४०)*

## चिहानले करङ भाँचीदिन्छ

लेखिएको छः जब आमा-बुवाको अवज्ञाकारीलाई दफ्न गरिन्छ [कब्रमा स्थापित गरिन्छ], क़ब्रले उसलाई यस प्रकारले अठ्याउँदछ की उसको करङहरू (भाँचिएर) एक अर्कामा गाँसिन पुग्छन् । *(ऐज़न)*

## जन्नतमा जान पाउने छैनन्

हज़रत अब्दुल्लाह बिन उमर رَضِیَ اللہُ عَنۡہُمَا ले विवरण गर्नुहुन्छः हाम्रो नबी हज़रत मुहम्मद صَلَّى اللهُ عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم को उपदेशमूलक कथन छ किः तीन [प्रकारका] व्यक्ति जन्नतमा जान पाउने छैनन् १) आमा-बुवालाइ सताउने वाला २) दय्युस्[1] ३) लोग्ने मानिस झैं पहिरन अपनाउने महिला । *(अल्मुस्तद्रक, भाग १, पृ २५२, हदीष २५२)*

---

[1] आफ्नो श्रीमति वा महारिमहरूलाई छाडा देख्दा पनि मौन रहने पुरुष ।

## आमाबुवा एक-आपसमा लड्नुभयो भने सन्तानले के गर्नुपर्छ ?

आदरणीय इमाम अह़मद रजा़ खान رَحْمَةُ اللّٰهِ عَلَيْه ले भन्नुहुन्छः यदि आमाबुवाको एक आपसमा झगडा परेमा न त आमाको साथ दिनु उचित हुन्छ न त बुवाको । आमाको मायाँको कारण बुवा माथी कडाई गर्ने काम कदापी गर्न मिल्दैन । बुवाको मन दुखाउनु वा उहाँको मुखमुखै लाउनु वा अनादर पुर्वक आखाँ जुधाएर कुरा गर्नु यो सबै कुरा ह़राम हो र अल्लाह عَزَّوَجَلَّ को अवज्ञा हो । सन्तानले आमाबुवा मध्ये कुनैको पनि यस प्रकारले साथ दिनु कदापी जायज़ छैन । उहाँहरू दुबै उसको जन्नत तथा जहन्नम [जाने माध्यम] हुन् । जसलाई दु:खी बनाए पनि जहन्नमको भागीदार हुनेछ । وَالْعِيَاذُ بِاللّٰه (अर्थात अल्लाह عَزَّوَجَلَّ को शरण, अल्लाहले हामीलाई यस्ता कुकर्मबाट जोगाउन्) । अल्लाह عَزَّوَجَلَّ को अवज्ञा हुने कुरामा भने कसैको पनि आज्ञा मान्ने कुरै भएन । जस्तै की यदि आमाले चाहनुहुन्छ कि छोराले आफ्नो बुवालाई कुनै प्रकारले कष्ट पुर्याओस् र छोराले त्यसो गर्न नमान्दा अर्थात बुवालाई कष्ट पुर्याउन तयार नुहँदा आमा रिसाउछिन भने आमालाई रिसाउन दिनु र यस्तो अवस्थामा आमाको कुरा कदापी नमान्नु । यसै प्रकारले आमाको सम्बन्धमा पनि बुवाले भन्नुभएको [अनुचित कुरा] नमान्नु । आलिमहरूले यस प्रकारले सपष्ट पार्नुभएको छ कि सेवा गर्नुमा आफ्नो आमालाई एवम् सम्मान



www.dawateislami.net

गर्नुमा भने आफ्नो बुवालाई प्राथमिकता दिनुपर्छ किनकी बुवा भने आमाको पनि निर्देशक हुनुहुन्छ । *(फतावा रज़विय्या, भाग २४, पृ ३९० बाट उद्धृत)*

## आमाबुवाले दाढी खौरने आदेश दिनुभएमा नमान्नुहोला !

पछिल्लो पंक्तिबाट स्पष्ट भयो की आमाबुवाले यदि कुनै नाजायज़ वा अनुचित कुराको आदेश दिनुभएमा उहाँहरुको कुरा मान्नुहुँदैन । यदि नाजायज़ कुरामा उहाँहरूको आज्ञा पालना गर्नुभएमा पापको भागिदार हुनुहुनेछ । जस्तै की यदि आमाबुवाले झूटो बोल्न लगाउनुभयो वा प्यारो नबीको सुन्नत विपरित दाढी खौरने वा इस्लामी कानुन विपरित दाढी काटेर एक मुठ्ठी भन्दा घटाउने भन्नुभएमा उहाँहरु जतिसुकै रिसाउनु भएतापनि उहाँहरुको कुरा कदापी नमान्नुहोला । तपाईँ आमाबुवाको अवज्ञाकारी ठहरिनुहुनेछैन तर यदि त्यस्ता कुरा मान्नुभएमा अल्लाह عَزَّوَجَلَّ को अवज्ञाकारी भने अवश्य हुनुहुनेछ । यसै गरी आमा-बुवाको सम्बन्ध विच्छेद भइहालेको खण्डमा आमाले बुवासँग नभेट भनी रोइ-रोइ भन्नु भएमा वा भेट्न गयौ भने मैले खुलाएको दुध माफ़ गर्दिन भन्नुभए पनि उहाँको यस प्रकारको आदेश मान्नै भएन । बुवासँग भेट्न पनि पर्छ र उहाँको हेरविचार तथा सेवा गर्नु पनि पर्छ । उहाँहरु बीच समबन्ध विच्छेद भएतापनि सन्तानसँगको नाता भने



www.dawateislami.net

जस्ताको त्यस्तै कायम छ । सन्तान माथि दुवै जना प्रतिको जिम्मेवारी बाँकी रहन्छ ।

صَلُّوْا عَلَى الْحَبِيْب     صَلَّى اللهُ عَلٰى مُحَمَّد

## यदी आमाबुवा सन्तानसँग अप्रशन्नता कै अवस्थामा बित्नुभएमा के गर्ने?

जसको आमाबुवा अप्रशन्नताको अवस्थामा बित्नुभयो, अब उहाँहरूलाई कसरी प्रशन्न पार्ने प्रयास गर्न सकिन्छ भन्दा उहाँहरुको मग्फिरत [पापहरू माफ भई मरण पश्चातको जीवनको सफलता] का लागि पटक-पटक प्रार्थना गरि राख्नुहोस् । किनकि उहाँहरूको लागि अब सबै भन्दा ठुलो उपहार भनेको मग्फिरतको प्रार्थना हो र उहाँहरुको तर्फबाट धेरै भन्दा धेरै पुण्य कर्म गर्नुहोस् । सन्तानको तर्फबाट असल कर्मको पुण्य उपहार स्वरुप उहाँहरूलाई बारम्बार पठाउन सकिएमा आशा छ कि आमाबुवा प्रशन्न भइहाल्नेछन् । दावते इस्लामीको प्रकाशकिय विभाग मक्तबतुल मदिनाले छापेको ३१२ पृष्ठमा आधारित पुस्तक, "बहारे शरिअ़त" खण्ड १६, पृ. १९७ मा लेखिएको छ: प्यारा नबी ह़ज़रत मुह़म्मद صَلَّى اللهُ عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم ले भन्नुभयो: "कसैको आमाबुवा दुवै वा कुनै एक जना बित्नुभयो र उसले उनीहरुको अवज्ञा गर्ने गर्थ्यो, अब उहाँहरुको लागि सधैं



www.dawateislami.net

इस्तिग्फार [पापहरू माफ हुनको लागि प्रार्थना] गरिरहन्छ, भने यसको प्रतिफलमा अल्लाह عَزَّوَجَلَّ ले उसलाई असल व्यक्ति भनी लेखिदिनुहुन्छ।" *(शुअबुल् ईमान, भाग ६, पृ २०२, ह़दीष ७९०२)* सम्भव भए सम्म मक्तबतुल मदिना द्वारा प्रकाशित पुस्तकहरु अधिक मात्रामा लिएर बुबाआमालाई पुण्य पठाउने उदेश्यले बाँड्नुहोस् । यदि उक्त पुस्तकहरूमा आमाबुवा आदिको नाम तथा आफ्नो ठेगाना छपाउन चाहनुहुन्छ भने मक्तबतुल मदीनामा सम्पर्क गर्नुहोला ।

## आमाबुवाको ऋण तिर्नुहोस्

ह़ज़रत मुहम्मद صَلَّى اللهُ عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم को महान कथन छ कि: जुन व्यक्तिले आफ्नो आमा बुवाको (निधन) पछि उहाँहरुसँग गरिएको वाचा पुरा गर्छ र उहाँहरुको ऋण चुक्ता गर्छ र अरू कसैको आमाबुवालाई अपशब्द बोली आफ्नो आमाबुवालाई अपशब्द भनाउदैन भने त्यो व्यक्ति आफ्नो आमाबुवासँग असल व्यवहार गर्ने वाला [मध्येको व्यक्ति] लेखिनेछ यद्यपि ऊ (उहाँहरुको जीवनकालमा) [उहाँहरू प्रति] अवज्ञाकारी थियो र जसले उहाँहरुसँग गरिएको वाचा पुरा गर्दैन र उहाँहरुको ऋण तिर्दैन र अरू कसैको आमाबुवालाई अपशब्द बोलेर आफ्नो आमाबुवालाई गाली खुवाउछ भने त्यो अवज्ञाकारी [मध्येको



www.dawateislami.net

व्यक्ति] लेखिनेछ यद्यपि उहाँहरुको जीवनकालमा [उहाँहरू प्रति] असल व्यवहार गर्ने वाला थियो । *(अल्मु'जमुल् औसत़ लित्तबरानी, भाग ४, पृ २३२, ह़दीष ५८१९, दारुल्कुतुब अलइ़ल्मिया बैरुत)*

صَلُّوۡا عَلَی الۡحَبِیۡب صَلَّی اللّٰہُ عَلٰی مُحَمَّد

## शुक्रबारको दिन आमाबुवाको क़ब्र [चिहान] को दर्शन

ह़ज़रत मुह़म्मद صَلَّى الله عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم ले भन्नुभएको छ कि: जो व्यक्ति आफ्नो आमाबुवा दुवै वा कुनै एकको क़ब्रमा प्रत्येक शुक्रबारको दिन दर्शनको लागि उपस्थित हुन्छ अल्लाह عَزَّوَجَلَّ ले उसको पाप माफ़ गरिदिनुहुनेछ र आमाबुवा प्रति असल व्यवहार गर्ने वाला [मध्येको व्यक्ति] लेखिनेछ । *(नवादिरुल् उस़ूल लिल्ह़कीम् तिर्मिज़ी, पृ ९७, ह़दीष १३०, दिमश्क़)*

## मदनी च्यानलले ल्याउनेछ घरघरमा सुन्नतको बहार

प्यारा इस्लामी दाजुभाईहरू ! आमाबुवाको अवज्ञाबाट आफुलाई बचाउन र उहाँहरुको आज्ञापालनाको प्रेरणा पाउनका लागि तथा आफ्नो मन मस्तिष्कमा रसूलप्रेमी भावनाको दीयो बाल्न र आफ्नो छातीलाई रसूलप्रेमको मदीना बनाउनका लागि दावते इस्लामीको मदनी वातावरणसँग आबद्ध रहीरहनुहोस् ।

اِنْ شَــآءَاللّٰه عَزَّوَجَلَّ यस मदनी वातावरणको शुभ-प्रभावबाट सुन्नतको पालना गर्ने, असल कर्म गर्ने, पाप कर्मबाट जोगिने र इमान [धार्मिक आस्था] को सुरक्षाको लागि तत्पर रहने सौभाग्य प्राप्त हुनेछ । सुन्नत सिक्न तथा सिकाउनको लागि प्रत्येक महिना कम्तिमा तीन दिनका लागि मदनी क़ाफिलामा रसूलप्रेमी दाजुभाईहरुसँग सुन्नतले भरिपुर्ण यात्रा गर्ने बानी बनाउनुहोस् । दावते इस्लामीको केन्द्रिय विभागले उपलब्ध गराएको असल बनाउने नुस्खा "नेक आमाल" [असल कर्म] को अनुसार आफ्नो जीवनका प्रत्येक दिन एवम् रात बिताउनुहोस् त्यसैगरी हरेक रात सुत्नु भन्दा पहिला कम्तिमा १२ मिनेट जति *फिक्रे मदीना* [आत्मालोचना, आत्ममुल्यांकन] गर्नुहोस् र नेक आमाल पुस्तिका भर्नुहोस् । اِنْ شَــآءَاللّٰه عَزَّوَجَلَّ दुवै लोकमा सफल हुनुहुनेछ । दावते इस्लामीको मदनी वातावरणको महत्व बुझ्नको लागि एक मदनी बहार [खुशीको समाचार] सुन्नुहोस् । मीरपुर नम्बर ११ (ढाका, बंग्लादेश) बस्ने दावते इस्लामीको एक सदस्यको वर्णनको आशय छ कि एक पटकको कुरा हो बाटोमा हिँडीरहदा एक व्यक्तिसँग मेरो भेट भयो । उहाँले मलाई देख्ने बित्तिकै भन्न थाल्नुभयो: के तपाईँलाई थाहा छ म यस बेला आफ्नो श्रीमती तथा बच्चाहरू साथ लीएर कहाँ जाँदैछु ? अनी आफै उत्तर दिँदै भन्नुभयो: वास्तवमा कुरा के हो भन्दा मेरो

आमाबुवा मसँग रिसाउनु भएको थियो र म पनि आमाबुवासँग रिसाएको थिए । दावते इस्लामीको मदनी च्यानलमा प्रशारित सुन्नतले भरिपुर्ण प्रवचन- "आमाबुवाको हक" हेर्नुको शुभ-प्रभावबाट मलाई महसूस भयो की आमाबुवाको अवज्ञा गरेर मैले धेरै ठूलो पाप गरेको रहेछु । तसर्थ उहाँहरुसँग यथासिघ्र माफी माग्नको लागि आफ्नो श्रीमती तथा बच्चाहरू साथ लीएर आमाबुवालाई भेट्न जाँदैछु । अल्लाह عَزَّوَجَلَّ ले दावते इस्लामी तथा मदनी च्यानललाई उन्नति माथि उन्नति प्रदान गरुन् ।

اٰمِيْن بِجَاهِ النَّبِيِّ الْاَمِيْن صَلَّى الله عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم

*सुन्नतको बाटोमा हिँडाएर सबैलाई जन्नतको तर्फ*
*लिएर हिड्ने एक मात्र उदेश्य मदनी च्यानलको*
*हे अल्लाह यही मनोकामना छ अत्तार को*
*सबैले अप्नाउन् सुन्नत मुहम्मद ﷺ सरकारको*

صَلُّوْا عَلَى الْحَبِيْب صَلَّى اللهُ عَلٰى مُحَمَّد

## आमाको श्रापका कारण खुट्टा काटियो

प्यारा इस्लामी दाजुभाईहरु ! उक्त मदनी बहारबाट "मदनी च्यानल" को महत्व स्पष्ट हुन जान्छ । त्यस "मदनी बहार" मा "आमाबुवाको हक"को चर्चा छ, साँच्चै नै आमाबुवाको हकबाट पन्छिन एकदमै अप्ठ्यारो छ । यसको लागि जीवन भरि नै

प्रयासरत रहनुपर्छ र आमाबुवाको अप्रशन्नताबाट सधैँ जोगिनुपर्छ । जुन व्यक्तिहरुले आमाबुवालाई सताउँछन् त्यसको दुष्परिणाम यसै संसारमा पनि देखिन्छ । तसर्थ हज़रत अल्लामा कमालुद्दीन दमीरी رَحْمَةُ اللّٰهِ عَلَيْه ले लेख्नुहुन्छ: **"जमख्शरी"** (जो मो'तजिला समुहको एक चर्चित इस्लामी विद्वान हुनुहुन्थ्यो) को एउटा खुट्टा काटिएको थियो । अरुले यस बारे सोध्दा उहाँले भन्नुभयो कि यो मेरो आमाको श्रापको नतिजा हो । घटना यस प्रकारले भयो की मैले बाल्यकालमा एउटा चरा समाते र उसको खुट्टामा डोरी बाँधी दिए । अचानक त्यो चरा मेरो हातबाट छुट्यो अनि उड्दा उड्दै एउटा भित्ताको दुलो भित्र पस्यो । तर डोरी भने बाहिर नै झुन्डीरहेको थियो । मैले डोरी समातेर बेस्सरी तानेको त चरा फड्फडाउँदै बाहिर निस्कियो तर विचराको खुट्टा डोरीले काटि सकेको थियो । यस्तो दुखद दृश्य देख्नुहुँदा मेरी आमा दुःखले तड्पिनु भयो र उहाँको मुखबाट मेरो लागि श्राप निस्कियो: "जसरी तैँले यो बोल्न नसक्ने जनावरको खुट्टा काटिदिईस्, अल्लाह عَزَّوَجَلَّ ले तेरो खुट्टा काटुन् ।" नभन्दै त्यो श्राप पुरा भयो । केहि दिन पछि जब मैले विद्यार्जनको लागि "बुखारा" को यात्रामा प्रस्थान गरे । बाटोमा सवारीबाट खसैँ, खुट्टामा गम्भीर चोट लाग्यो, "बुखारा" पुगेर धेरै उपचार गराए तर सञ्चो भएन अनि आखिरमा

खुट्टा कटाउनै पर्यो । *(र यसरी आमाको श्राप पुरा भई छाड्यो)* *(हयातुल् हयवान अल्कुब्रा, भाग २, पृ १६३, दारुल्कुतुब् अलइल्मिया बैरुत)*

## खुट्टा समातेर आमाबुवासँग माफी माग्नुहोस्

प्यारा इस्लामी दाजुभाईहरु ! यदि तपाईंको आमाबुवा वा उहाँहरू मध्ये कुनै एक तपाईंसँग रिसाउनु भएको छ भने झट्टै हात जोरी, खुट्टा समाती, रोई-रोई क्षमा याचना गरीहाल्नुहोस् । उहाँहरुको जायज आवश्यकता पुरा गरीदिनुहोस् किनकि यसैमा लोक-परलोकको सफलता छ । आमाबुवाको हक अधिकार बारे थप जानकारीका लागि दावते इस्लामीको प्रकाशकिय विभाग मक्तबतुल मदिनाले जारी गरेको दुई वटा विडियोहरू (१) "मां बाप के हुकुक" तथा (२) पवित्र रमजान महिना (१४३० हि.) मा आयोजित "मदनी मुजाकरा" कार्यक्रमको "वालिदैनके नाफरमानो के अन्जाम" शिर्षकको विडियोहरू हेर्नुहोला ।

*चित्त दुखाउन छोडी दिनु आमाबुवाको*<br>
*नत्र सर्वस्य हानी छ यसमा तपाईंको*<br>
*इर्ष्याको रोगबाट छाती सफा गर*<br>
*प्यारो नबीको अनुसरण गर्ने गर*



www.dawateislami.net

*हे अल्लाह यही छ मनोकामना अत्तारको*
*सबैले अप्नाउन सुन्नत मुहम्मद ﷺ सरकारको*

*(वसाइले बख्शिश, पृ. ३७७ बाट नेपाली अनुवाद)*

صَلُّوْا عَلَی الْحَبِیْب صَلَّی اللّٰہُ عَلٰی مُحَمَّد

प्यारा इस्लामी दाजुभाईहरु ! अब मेरो वर्णनलाई समापन तर्फ लैजादै सुन्नतको महत्व र केहि सुन्नत तथा शिष्टाचार प्रस्तुत गर्ने सौभाग्य प्राप्त गर्नेछु । ह़ज़रत मुह़म्मद صَلَّی اللّٰہ عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم को उपदेशमुलक कथन छ: "जसले मेरो सुन्नतसँग प्रेम गर्यो उसले मसँग प्रेम गर्यो र जसले मसँग प्रेम गर्यो ऊ जन्नतमा मेरो साथमा हुनेछ ।" *(इब्ने असाकिर, भाग ९, पृ ३४३, दारुल् फिक्र बैरुत)*

صَلُّوْا عَلَی الْحَبِیْب صَلَّی اللّٰہُ عَلٰی مُحَمَّد

## हिँडाईको सुन्नत तथा शिष्टाचारहरू

१. पवित्र क़ुर्‌आनको पारह १५, सुरः बनी इस्राइल, आयत संख्या ३७ मा अल्लाह عَزَّوَجَلَّ ले फरमाउनुहुन्छ:

وَلَا تَمۡشِ فِی الۡاَرۡضِ مَرَحًا ۚ
اِنَّکَ لَنۡ تَخۡرِقَ الۡاَرۡضَ وَلَنۡ تَبۡلُغَ الۡجِبَالَ طُوۡلًا ﴿۳۷﴾

हिन्दी अनुवाद कन्ज़ुल इमानबाटः और ज़मीन में इतराता न चल, बेशक हरगिज़ ज़मीन न चीर डालेगा और हरगिज़ बुलन्दी में पहाड़ोंको न पहुंचेगा ।

२. दावते इस्लामीको प्रकाशकिय विभाग मक्तबतुल मदीनाले छापेको ३१२ पृष्ठमा आधारित पुस्तक, "बहारे शरिअ़त" खण्ड १६, पृष्ठ संख्या ७८ मा ह़ज़रत मुह़म्मद صَلَّى اللّٰه عَلَيۡهِ وَاٰلِهٖ وَسَلَّم को महान भनाई लेखिएको छ: दुई वटा चादर [सल् जस्तो कपडा] ओढेको एक व्यक्ति अभीमानी पारामा हिँडिरहेको थियो र घमण्डमा थियो, उसलाई धर्तिमा धसाईयो, ऊ क़यामतको दिन सम्म धस्दै जानेछ । *(मुस्लिम, पृ ११५६, ह़दीष २०८८)*

३. ह़ज़रत मुह़म्मद صَلَّى اللّٰه عَلَيۡهِ وَاٰلِهٖ وَسَلَّم हिँड्नु हुँदा कहिले काही आफ्नो कुनै सहाबीको हात आफ्नो पवित्र हातले समात्नु हुन्थ्यो । *(अल्मु'जमुल् कबीर लित्तबरानी, भाग ७, पृ २७७)*

४. ह़ज़रत मुह़म्मद صَلَّى اللّٰه عَلَيۡهِ وَاٰلِهٖ وَسَلَّم हिँड्नु हुँदा केही अगाडी तर्फ निहुरिई हिँड्नुहुन्थ्यो की यस्तो लाग्थ्यो की उहाँ उचाईबाट तल झर्दै हुनुहुन्छ । *(अश्शमाइलुल् मुह़म्मदिया लितिर्मिज़ी, पृ ८७, रक़म ११८)*



www.dawateislami.net

५. घाँटिमा सुन वा कुनै पनि धातुको सिक्री लगाएर, अरुलाई देखाउनको लागि घाँटी निरको टाँक खोलेर अभिमानी पाराले कदापी हिँड्नु हुँदैन किनकि यो मुर्ख, घमण्डी तथा पापीहरूको तरिका हो । घाँटीमा सुनको सिक्री लगाउनु पुरुषको लागि ह़राम [कडा रुपमा निषेधित] हो र अरु धातुको पनि नाजायज हो ।

६. यदि अन्य केहि बाध्यता न भए बाटोको छेउ छेउ मध्यम गतिमा हिँड्नुहोस् । न त यति छिटो हिँड्नुहोस् कि अरुको ध्यान तपाई तिर जाओस् कि यो मान्छे यति छिटो छिटो कहाँ जादै होला भनी न त यति बिस्तारै हिँड्नुहोस् कि देख्नेले तपाईँलाई बिरामी ठानुन । अम्रद [यति सुन्दर कलिलो केटा जसलाई देख्दा पुरुषलाई पनि उत्तेजनाको आभाष हुन्छ] को हात नसमात्नु होस् । काम वासनाको साथ पुरुषले कुनै पुरुषकै हात समात्नु, हात मिलाउनु वा अङ्कमाल गर्नु ह़राम र जहन्नममा पुर्‍याउने कर्म हो ।

७. बाटोमा हिँड्दा कुनै कारण बिना यता उता हेर्नु सुन्नत होइन। नजर झुकाई भद्र तरिकाले हिँड्नुहोस् । अबि सिनानका पुत्र ह़ज़रत ह़स्सान رَحْمَةُ اللهِ عَلَيْه ईदको नमाज़ पढनको लागि जानुभयो । घर फर्किए पछी श्रीमतीले सोधिन्: आज कतिको आइमाईहरू हेर्नुभयो नी? उहाँ رَحْمَةُ اللهِ عَلَيْه ले केही



www.dawateislami.net

जवाफ दिनुभएन । श्रीमतीले धेरै पटक सोध्दा भन्नुभयो: "घरबाट निस्किए देखि लिएर फर्केर तिम्रो सामु आउँदा सम्म मैले आफ्नो खुट्टाको बुढी औंला तिर मात्र हेरिरहें ।"
*(किताबुल् वरा' मअ मौसुअह् इमाम इब्ने अबीद्दुन्या, भाग १, पृ २०५)*

سُبۡحٰنَ اللّٰـہ عَزَّوَجَلَّ धर्मनिष्ठ व्यक्तिहरू बाटोमा हिँड्दा विशेष गरी भिडभाडको बेला उचित कारण बिना यता उता कदापि हेर्दैनन् कहीँ शरिअ़त द्वारा वर्जित दृष्य तर्फ नजर नपरोस् भनी ! यो ती धर्मनिष्ठ व्यक्ति رَحِمَهُمُ اللّٰهُ को तक्वा[1] थियो । इस्लामी कानुन त के हो भन्दा यदि अनजानमा कुनै नारी माथि नजर परिहालेमा झट्टै कुदृष्टिबाट आफुलाई रोकी नजर हटाएमा पापी हुने छैन ।

८. कसैको घरको कौसी वा झ्याल तिर कुनै कारण बिना हेर्नु उचित होइन ।

९. हिँड्दा वा भर्याङ चढ्दा तथा झर्दा यो ख्याल गर्नुहोस् की जुत्ता वा चप्पलबाट आवाज न निस्कियोस् । हाम्रो प्यारो नबी ह़ज़रत मुह़म्मद صَلَّى الله عَلَيۡهِ وَاٰلِهٖ وَسَلَّم ले यस्तो आवाज मन पराउनुहुन्थिएन ।

[1] वर्जित क्रियाकलापहरू त्यागेर अझ जोडका साथ सतर्कता अपनाउनु

१०. बाटोमा दुई जना नारी उभिइरहेका छन् वा हिँडिरहेका छन् भने उनीहरुको बीचबाट न हिँड्नुहोस् किनकी पवित्र ह़दीषमा यसबाट मनाही गरिएको छ ।

११. बाटोमा हिँड्ने क्रममा, उभिइरहदा वा बस्दा अरुको अगाडी थुक्नु, नाक सफा गर्नु, नाकमा औंला हाल्नु, कान चिलाउँदै बस्नु, शरीरको मैलो औलाले छोडाउनु, गुप्ताङ्ग चिलाउनु आदि घोर असभ्यता हो ।

१२. बाटोमा हिँड्दा जे कुरा अगाडी आउँछ त्यस्लाई लात्ताले हान्दै जाने कतिपय मानिसहरुको बानी हुन्छ । यो एकदमै अभद्रता हो । यस्तो गर्नाले खुट्टामा चोट लाग्न सक्छ । यदि पत्रिकाहरु वा लेखाइ युक्त डब्बाहरु, प्याकेटहरु तथा पानीको बोतलहरु आदिमा लात्ताले हानिएमा लेखाईको असम्मान समेत हुन्छ ।

१३. पैदल हिँड्दा पनि इस्लाम संगत ट्राफिक नियमहरूको पालना गर्नुहोस् जस्तै की गाडीहरु आवत-जावतको बेला सडक पार गर्नका लागि उपलब्ध भएको खण्डमा "जेब्रा क्रसिङ्ग" वा "आकाशे पुल" को प्रयोग गर्नुहोस् ।

१४. जुन दिशाबाट गाडीहरु आइरहेका छन् राम्ररी हेरेर मात्र सडक पार गर्नुहोस् । यदि तपाईँ बीच सडकमा हुनुहुन्छ र



www.dawateislami.net

गाडी आइरहेको छ भने एक्कासी भाग्नु भन्दा त्यहीं उभिइरहनुभएमा बढी सुरक्षित हुनुहुनेछ । यसै गरी रेलगाडी हिँडिरहेको समयमा रेल मार्ग पार गर्नु भनेको आफ्नो काल आफै निम्त्याउनु हो । रेलगाडी धेरै टाढा छ होला भनी रेल मार्ग पार गर्ने वालाहरू हतारमा वा झुक्किएर कुनै तार इत्यादिमा खुट्टा अल्झिएर लड्ने र माथिबाट रेलगाडी हिड्ने सम्भावना हुन्छ । यस खतरालाई अवश्य पनि ध्यानमा राख्नु पर्छ । कतिपय ठाउँमा त रेल मार्ग पार गर्नु नै गैरकानूनी हुन्छ खास गरेर स्टेशनहरूमा, उक्त कानूनको पालना गर्नुहोस् ।

१५. पुण्यकर्मका लागि जाँगर प्राप्त गर्ने उदेश्यले सकेसम्म दैनिक ४५ मिनेट जति ज़िक्र तथा दूरूद पढदै पैदल हिँड्नुहोस् अल्लाह عَزَّوَجَلَّ ले चाहनु भयो भने स्वस्थ रह्नुहुनेछ । हिँड्नुको उत्तम तरिका यो हो कि शुरुमा १५ मिनेट छिटो छिटो हिँड्नुहोस्, त्यसपछी १५ मिनेट जति ठिक्कको गतिमा तथा अन्तिम १५ मिनेट जति भने फेरी छिटो पाइला चाल्नुहोस् । यसरी हिड्नाले सम्पुर्ण शरीरको व्यायाम हुनेछ । اِنْ شَآءَاللّٰه عَزَّوَجَلَّ पाचन शक्ति राम्रो रहनेछ । मुटु रोग तथा अरु थुप्रै रोगहरुबाट اِنْ شَآءَاللّٰه عَزَّوَجَلَّ सुरक्षा पनि प्राप्त हुनेछ ।



www.dawateislami.net

हजारौं सुन्नत सिक्नको लागि मक्तबतुल मदीना द्वारा प्रकाशित दुई वटा पुस्तक (१) ३१२ पृष्ठे पुस्तक बहारे शरिअ़त् खण्ड १६ तथा (२) १२० पृष्ठे "सुन्नतें और आदाब" उपहार स्वरुप प्राप्त गरी पढ्नुहोस् । सुन्नत सम्बन्धी तालिम आदान प्रदानको एउटा उत्कृष्ट माध्यम दावते इस्लामीको मदनी क़ाफिलामा रसूल प्रेमी दाजुभाईहरूसँग सुन्नतले भरिपुर्ण यात्रा गर्नु पनि हो ।

*रह़मत प्राप्त गर्न काफिलामा यात्रा गर*
*सुन्नतहरू सिक्न काफिलामा यात्रा गर*
*समस्याहरू टर्नेछन् काफिलामा यात्रा गर*
*भाग्य चम्किनेछन् काफिलामा यात्रा गर*

صَلُّوْا عَلَى الْحَبِيْب　　　　صَلَّى اللهُ عَلٰى مُحَمَّد



www.dawateislami.net

ٱلْحَمْدُ لِلّٰهِ رَبِّ الْعٰلَمِيْنَ وَالصَّلٰوةُ وَالسَّلَامُ عَلٰى سَيِّدِ الْمُرْسَلِيْنَ اَمَّا بَعْدُ فَاَعُوْذُ بِاللّٰهِ مِنَ الشَّيْطٰنِ الرَّجِيْمِ بِسْمِ اللّٰهِ الرَّحْمٰنِ الرَّحِيْمِ

## सुन्नतका शुभ समाचारहरू

اَلْحَمْدُ لِلّٰه عَزَّوَجَلَّ कुरआन र सुन्नतको सिद्धान्त सारा संसारमा फैलाउने गैर राजनैतिक संस्था दा'वते इस्लामीको आनन्दमयी मदनी वातावरणमा सुन्नतहरू सिकिने र सिकाइने गरिन्छ । हरेक बिहिबार मगिबको नमाज़पछि मियाँपाटन, पोखरामा स्थित जामे' मस्जिदे अक्सामा दा'वते इस्लामी द्वारा सञ्चालन हुने साप्ताहिक सुन्नतले भरिपूर्ण इज्तिमामा अल्लाह عَزَّوَجَلَّ को प्रशन्न प्राप्तिको लागि राम्रो राम्रो नियत (मनको इरादा) हरूका साथ पूरै रात त्यहीं उपस्थित रही बिताउने मदनी आग्रह छ । रसूलप्रेमी दाजुभाइहरूसँग मदनी काफिलामा सवाब (पुण्य) को नियतले सुन्नत सिकनका निम्ती यात्रा र दैनिक फिक्रे मदीना (आत्ममुल्यांकन) द्वारा मदनी इनआमातको कार्ड भरी प्रत्येक महिनाको १० गते भित्रमा आफ्नो क्षेत्रको जिम्मेवार व्यक्तिलाई बुझाउने बानी बसाल्नुहोस् । اِنْ شَآءَاللّٰه عَزَّوَجَلَّ यसको शुभ प्रतिफलले सुन्नतहरूको पालना गर्ने, पापहरूसँग घृणा गर्ने र आफ्नो ईमान (धार्मिक आस्था) को संरक्षण गर्नका लागि होशियार हुने सोच बन्नेछ ।

हरेक इस्लामी दाजुभाइहरूले यो मदनी अठोट गर्नुहोस् की- *"मलाई आफ्नो र सारा संसारका मानिसहरूको धार्मिक विकासको लागि प्रयास गर्नुछ ।"* आफ्नो धार्मिक विकासको लागि मदनी इनआमातको पालना र अरू मानिसहरूको धार्मिक विकासको प्रयासको लागि मदनी काफिलामा यात्रा गर्नुछ । اِنْ شَآءَاللّٰه عَزَّوَجَلَّ








Aalami Madani Markaz, Faizan-e-Madinah, Mahallah Saudagaran
Purani Sabzi Mandi, Bab-ul-Madinah, Karachi, Pakistan.
UAN: +92 21 111 25 26 92 | Ext: 7213
Web: www.dawateislami.net | E-mail: translation@dawateislami.net